# दिप्रुङ चुइचुम्मा गाउँपालिकावाट

## जारी गरिएको

मिति२०७६/१२/२३

## राहत वितरण सम्बन्धी मापदण्ड, २०७६

# दिप्रुङ चुईचुम्मा गाउँपालिकावाट
## जारी गरीएको
## राहत वितरण सम्बन्धी मापदण्ड,२०७६

कोभिड १९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थावाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग,दलित,अल्पसंख्यक समुदाय, खान नपुग्ने गरिव समुदाय वा नागरिक, 'क' वर्गको अपाङगता भएका फरक क्षमताका नागरिक तथा असहायहरुलाई दैनिक जीवन यापनको लागि स्थानीय तहबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न वान्छनिय भएकोले दिप्रुङ चुईचुम्मा गाउँपालिकावाट यो मापदण्ड तयार गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) "राहत वितरण सम्बन्धी मापदण्ड २०७६" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषण गरेको अवधिसम्मको लागि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा -

(क) 'असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग' भन्नेले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ वमोजिमका श्रमिक कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) 'असहाय'भन्नाले कसैको लालन पालन नरही अशक्त तथा आवास विहिन भई मन्दिर आश्रम,धर्मशाला,गुम्वा,मस्जिद,गुरुद्धारा चर्च वा वृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ

(ग) "खान नपुग्ने नागरिक" भन्नाले आफ्नो वा आफ्नो परिवार भित्रका सदस्यको पैत्रिक, दाईजो, पेवावाट प्राप्त सम्पतीको उत्पादन खरिद विक्रिवाट वा स्वआर्जन वाट प्राप्त हुने पारिश्रामिक वाट खान नपुग्ने नागरिक लाई सम्झनु पर्दछ ।

(घ) दलित तथा अल्पसंख्यक समुदाय भन्नाले नेपाल सरकारले तोकेको परिभाषा भित्र परेको दलित तथा अल्पसंख्यक समुदायलाई सम्झनु पर्दछ ।

(ङ) 'राहत' भन्नाले नेपाल सरकारबाट निर्णय भए वमोजिम दिप्रुङ चुईचुम्मा गाउँपालिकाका दफा ३ बमोजिमका श्रमिक वर्ग,दलित,अल्पसंख्यक समुदाय, खान नपुग्ने गरिव समुदाय वा नागरिक, 'क' वर्गको अपाङगता भएका फरक क्षमताको नागरिक तथा अहायहरुलाई प्रदान गरिने दफा ५ वमोजिम सामग्री सम्झनु पर्छ ।

(च) 'स्थानीय तह' भन्नाले दिप्रुङ चुईचुम्म गाउँपालिका सम्झनु पर्छ ।

३. **अभिलेख राख्नु पर्ने** :

(१) यस माप्रदण्ड वमोजिमको राहत देहायका वर्गलाई प्रदान गर्न सम्वन्धित वडा कार्यालयले अभिलेख तयार गर्नु पर्नेछ ।

(क) पसलवाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया,निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक,ट्रिफर,भ्यानवाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ,

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता गर्ने व्यक्ति,

(च) गिटी कुट्ने,बालुवा चाल्ने तथा इटा भट्टामा काम गर्ने मजदुर ,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी,हेल्पर लगायतका मजदुर,

(ज)नाङलो पसले, दैनिक रुपमा पत्रिका वितरणका साना फुटकर पसले, ठेला गाडा तथा साईकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर ,

(झ) दलित परिवार, जो अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ञ) खान नपुग्ने नागरिकको परिभेष भित्रका दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ट) 'क'वर्गका अपाङगता भएको फरक क्षमता नागरिकहरु,

(ठ) देहायका यातायात मजदुर:

(१) अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक सहचालक,

(२) दैनिक ठेक्का वा ज्यालामा टयाक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(ड) अन्य व्यक्तिको गार्मेन्ट,कार्पेट,टेलरिङ,गलैचा,बुट्टा तथा जर्ती भर्ने । कपडा पसलमा दैनिक ज्यालादारीमा काम गर्ने मजदुर ।

(ढ) स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची-१ बमोजिम सम्वन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।

४. <u>राहत वितरण गर्नु पर्ने</u>: दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग,दलित,अल्पसंख्यक समुदाय, खान नपुग्ने गरिव समुदाय वा नागरिक, 'क' वर्गको अपाङगता भएका फरक क्षमताका नागरिक तथा असहायहरुलाई सम्वन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखि दफा ५ वमोजिमको राहत तत्काल वितरण गर्नु पर्नेछ ।

५. राहत सामग्री:

(१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग,दलित,अल्पसंख्यक समुदाय, खान नपुग्ने गरिव समुदाय वा नागरिक तथा असहायहरुलाई प्रति परिवारका लागि देहायका सामग्री राहत स्वरुप विरतरण गरिने छ ।

| | |
|---|---|
| (क) चामल | २५ के.जी. |
| (ख) नुन | १ के.जी. |
| (ग) खाने तेल | १ लिटर |
| (घ) दाल | २ के.जी |
| (ङ) हात धुने सावुन | २ ओटा |

(२) यस गाउँपालिका भित्रका व्यवसायीक कृषि उत्पादकहरु तथा कृषि उत्पादनको विक्रिवितरणवाट परिवारका अन्य आवश्यकताका वस्तुहरु परिपुर्ति गर्ने वर्गहरुको उत्पादित वस्तु लकडाउनको कारणवाट साप्ताहिक हाटवजारहरु वन्द भएकोले विक्रिवितरण गर्न नपाएको अवस्थामा कृषि उत्पादकवाट आफ्नो कृषि उत्पादन विक्रि गर्न चाहेमा तोकिएको समयमा निजको सामान खरिद गरि राहत प्राप्त गर्ने वर्गलाई आवश्यकता अनुसार गाउँपालिकाले वितरण गर्नेछ ।

(३) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमको राहत सामग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामग्री वितरण गरिनेछ ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनसंग संगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामग्री वितरण गरिने छैन ।

(५) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामग्री वितरण गरिने छैन साथै एकै व्यक्ति वा परिवारमा एक भन्दा वढी वर्ग (किसिम) को राहत पाउने व्यक्ति भएमा एउटा मात्र राहत प्रदान गरिने छ ।

(६) यसरी राहत प्रदान गरिएका नागरिक भन्दा अन्य नागरिकको परिवारलाई समेत यो असहज स्थितिको सामना गर्नको लागि राहत प्रदान गर्ने क्रममा राहत सामग्री उपलब्ध हुने स्थान देखि गाउँपालिका सम्म ढुवानी गर्दा ढुवानीमा लाग्ने ढुवानी खर्च (भाडा) गाउँपालिकावाट व्यहोर्ने गरी व्यवस्था गरिने छ ।

६. **वितरण गर्ने विधि** :(१) देहायको विधि अवलम्वन गरी दफा ५ बमोजिमको राहत सामग्री वितरण गर्नु पर्नेछ :

(क) राहत वितरणको लागि सम्बन्धित गाउँपालिकाले सामग्री खरिद गरी वितरण गर्ने ।

(ख) राहत सामग्री वितरण गरीने सम्बन्धित वडामा हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याको समाधानको लागि स्थानीय सुरक्षाकर्मी, राजनैतिक दल नागरिक समाज र अन्य वर्ग समेतको सहयोग लिन सक्नेछ ।

७. **राहत वितरणको अभिलेख र प्रतिवेदन** :

(१) गाउँपालिकावाट वडागत रुपमा वितरण गरिने राहत सामग्री संम्बन्धित वडाका वडा अध्यक्षवाट बुझिलिई अनुसूची -२ बमोजिमको ढाँचामा वुझाई राहत सामग्री वुझिलिएको भरपाई अनिवार्य रुपमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

(२) सम्बन्धित वडाले वितरणको अनुसूची -३ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नु पर्नेछ र एक प्रति गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

(३) गाउँपालिकाले राहतको प्रतिवेदन अनुसूची ४ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) गाउँपालिकाको अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत र अन्य आवश्यक कर्मचारीले राहत वितरणको नियमित अनुगमन गर्नु पर्नेछ ।

८. **कारवाही सम्बन्धी व्यवस्था**: (१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम गाउँपालिकाले निजवाट अशुल गर्नु पर्नेछ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको मिति २०७६/१२/२२को गाउँ कार्यपालिकावाट पारित "राहत वितरण सम्बन्धी मापदण्ड २०७६" नियमानुसार प्रमाणित गर्दछु

भुपेन्द्र राई
अध्यक्ष

## अनुसूची १

(दफा ३ संग सम्बन्धित)

### अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण :

१. नाम थर : २. बाबुको नाम : ३. बाजेको नाम

४.स्थानीय ठेगाना : ५. हालको ठेगाना :

६.टेलिफोन वा मोबाईल नं. (भएमा):

७. दैनिक ज्यालादारीमा कार्यरत ८. गर्ने गरेको कामको विवरण:

८.पेश गरेको कागजातको विवरण : (कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

(ख) गरिव घर परिवार परिचयपत्रको प्रतिलिपि वा

(ग) सवारी चालक अनुमतिपत्रको प्रतिलिति वा

(घ) अन्य

(ङ) गाउँपालिका भन्दा वाहिरको नागरिक भएमा के कामको लागि कहिले देखि यहाँ वस्दै आएको हो खुलाउनु पर्नेछ । यस्तो व्यक्तिको लागि वडा अध्यक्षवाट राहतको लागि प्रमाणित गरि पठाउनु पर्नेछ ।

**राहत लिने व्यक्तिको स्वःघोषण :**

म र मेरो परिवारका सदस्यले रोजगारी,स्वरोजगारी वा अन्य कुनै माध्यमवाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठिक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून वमोजिम सहुँला बुझाउँला ।

निवेदक:

नाम

दस्तखत:

मिति:

| दाँया | बाँया |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी :-

दस्तखत:

नाम : पद

मिति

स्थानीय तहको नाम

वडा नं.

अनुसूची २

(दफा७ को उपदफा १ संग सम्वन्धित)

दिप्रुङ चुईचुम्मा गाउँपालिका

गाउँपालिका कार्यालय

# राहत वितरण अभिलेख

**गाउँपालिकाको लागि**

| सिं.नं. | राहत सामग्रीको किसिम | राहत सामग्रीको परिमाण /वोरा के.जी | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

राहत बुझिलिनेको

वडा नं. :

वडा अध्यक्षको नाम :

सहि :

फोन नं.

अनुसूची ३

(दफा७ को उपदफा १ संग सम्बन्धित)

दिप्रुङ चुईचुम्मा गाउँपालिका

वडा नं........कार्यालय ..........

# राहत वितरण अभिलेख

## वडा कार्यालयको लागि

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | साविकको वडा नं. | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राहत विवरण गर्नेको

दस्तखत:

नाम थर :

टेलिफोन नं. :

अनुसूची ४

(दफा७ को उपदफा ३ संग सम्बन्धित)

दिप्रुङ चुईचुम्मा गाउँपालिका

प्रतिवेदन ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रतिवेदन तयार गर्ने

दस्तखत:

नाम थर:

टेलिफोन नं. :

प्रतिवेदन प्रमाणित गर्ने

दस्तखत:

नाम थर:

टेलिफोन नं. :